म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १५४ | सोमबार, ५ माघ २०८२ | ने. सं. ११४६ पोहेलागा | 19 January 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

## ६ महिनामा १५ प्रतिशत पनि बजेट खर्च भएन

# कुल बजेटको १४ प्रतिशत मात्रै खर्च

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/चालु आर्थिक वर्षको ६ महिनामा बागमती प्रदेश सरकारले कुल बजेटको १५ प्रतिशत भन्दा कम बजेट खर्च गरेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुसार कुल विनियोजित बजेट ६७ अर्ब ४७ करोड ७३ लाखको १४ दशमलब २० प्रतिशत अर्थात् ९ अर्ब ५८ करोड ४ लाख ५४ हजार मात्र बजेट खर्च भएको छ । प्रदेश सरकारले पुँजीगततर्फ विनियोजन गरेको कुल ४१ अर्ब ४३ करोड ३५ लाख ३६ हजार रुपैयाँमध्ये पुस मसान्तसम्म जम्मा ३ अर्ब ७२ करोड ६६ लाख ७२ हजार रुपैयाँमात्रै खर्च गरेको आर्थिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज संज्यालले जानकारी दिए । पुँजीगतखर्च ८.९९ प्रतिशत मात्र भएको उनको भनाइ छ ।




प्रशासनिक तथा साधारण प्रकृतिको चालुखर्च भने २२ दशमलब ४८ प्रतिशत भएको छ । चालुतर्फ विनियोजित २६ अर्ब ४ करोड ३७ लाख ९१ हजार रुपैयाँमध्ये ५ अर्ब ८५ करोड ३७ लाख ८१ हजार रुपैयाँ खर्च भएको संज्याले बताए । चालु आर्थिक वर्षको बजेटमा सबैभन्दा बढी खर्च श्रम रोजगार तथा यातायात मन्त्रालयले गरेको छ । यो मन्त्रालयले कुल विनियोजित ७२ करोड ५ लाख ४४ हजार रुपैयाँमध्ये पुँजीगततर्फ १५ अर्थात १० प्रतिशत र चालुतर्फ ३२ अर्थात् ३९ प्रतिशत खर्च गरेको छ । यो मन्त्रालयले ६ महिनामा कुल २८ दशमलब १० प्रतिशत अर्थात् २ करोड २४ लाख ७४ हजार रुपैयाँ खर्च गरेको हो ।

त्यसैगरी स्वास्थ्य मन्त्रालयले २६ दशमलब ४३ प्रतिशत अर्थात् ९३ करोड ५९ लाख ५२ हजार रुपैयाँ खर्च गरेको छ । जसमा चालुतर्फ २९ दशमलब ३५ प्रतिशत अर्थात् ९१ करोड ७२ लाख ८ हजार रुपैयाँ र पुँजीगततर्फ ४ दशमलब ५० प्रतिशत अर्थात् १ करोड ८७ लाख ४३ हजार रुपैयाँ खर्च भएको छ । स्वास्थ्य मन्त्रालयलाई चालु आर्थिक वर्ष ३ अर्ब ५४ करोड १३ लाख ९३ हजार रुपैयाँ बजेट उपलब्ध गराइएको छ । त्यस्तै २० करोड ७८ लाख ८१ जार रुपैयाँ बजेट विनियोजन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले २५ दशमलब ९१ प्रतिशत अर्थात् ५ करोड ३८ लाख ५३ हजार रुपैयाँ खर्च गरेको छ ।

जसमा चालुतर्फ ४ करोड ५८ लाख ५५ हजार रुपैयाँ अर्थात् २६ दशमलब ९० प्रतिशत र पुँजीगततर्फ ७ करोड ९९ लाख ७४ हजार रुपैयाँ अर्थात् २१ दशमलब ३७ प्रतिशत खर्च भएको छ । वन तथा वातावरण मन्त्रालयले ३ अर्ब ६७ करोड ४५ लाख ५५ हजार रुपैयाँ बजेटमध्ये ६ महिनामा १७ दशमलब ४८ प्रतिशत अर्थात् ६४ करोड २४ लाख १८ हजार रुपैयाँ खर्च गरेको छ । यो मन्त्रालयले पुँजीगततर्फ २३ करोड ६ लाख ३७ हजार रुपैयाँ अर्थात् ९ दशमलब २९ प्रतिशत र चालुतर्फ १४ करोड १७ लाख १८ हजार रुपैयाँ अर्थात् ३४ दशमलब ३५ प्रतिशत खर्च गरेको छ ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले कुल विनियोजित बजेट ६४ करोड ८५ लाख १३ हजार रुपैयाँमध्ये १० करोड ४९ लाख ९१ हजार रुपैयाँ अर्थात् १६ दशमलब १९ प्रतिशत बजेटखर्च गरेको छ भने प्रदेशको सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले बजेट कार्यान्वयन १४ दशमलब २५ प्रतिशत मात्र छ । यो मन्त्रालयका लागि विनियोजित २१ अर्ब १६ करोड ४० लाख ४५ हजार रुपैयाँमध्ये ३ अर्ब १ करोड ६८ लाख ४३ हजार रुपैयाँ खर्च भएको हो । जसमा पुँजीगततर्फ २ अर्ब ८७ करोड ५७ लाख ३४ हजार रुपैयाँ अर्थात् १३ दशमलब ६८ प्रतिशत र चालुतर्फ १४ करोड ११ लाख ८ हजार रुपैयाँ अर्थात् ३४ दशमलब ५१ प्रतिशतखर्च भएको छ ।

त्यसैगरी संस्कृति तथा पर्यटन मन्त्रालयले कुल विनियोजित बजेटको २ दशममलब ३० प्रतिशत खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १९ दशमलब १७ प्रतिशत, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १३ दशमलब ३२ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ७ दशमलब ६१ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १२ दशमलब १३ प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले १२ दशमलब ६३ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ६ दशमलब ३२ प्रतिशत र सामाजिक विकास मन्त्रालयले १३ दशमलब ९३ प्रतिशत बजेट खर्च गरेको छ ।

यस्तै, प्रदेशसभा सचिवालयले २९ दशमलब ३५ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ३६ दशमलब ३५ प्रतिशत, मुख्य न्यायाधीवक्ता कार्यालयले ३० दशमलब ८० प्रतिशत बजेट खर्च गरेको छ । प्रदेश नीति तथा योजना आयोगले २२ दशमलब ६४ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

**बजेटखर्च सुस्त हुनुमा जेनजी आन्दोलन प्रमुख कारणः *मन्त्रालयका सचिव***

बजेटखर्च सुस्त हुनुमा जेनजी आन्दोलन र त्यसपछिको अवस्थाले प्रभाव पारेको आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव झलकराम अधिकारीले बताए । उनका अनुसार जेनजी आन्दोलनका क्रममा बागमती प्रदेशका चार मन्त्रालय र यातायात व्यवस्था कार्यालयसहितका संरचना क्षति भएपछि प्रारम्भिक महिनामा सरकारको ध्यान विकासभन्दा सेवाप्रवाह सुचारु गर्न केन्द्रित भयो ।

आन्दोलनपछि पुनर्निर्माण, कार्यालय व्यवस्थापन र बजेट संशोधनका कारण केही समय 'सिस्टम लक' गर्नुपरेको सचिव अधिकारीले बताए । 'असोज २ गते मात्र बजेट संशोधन सकिएर मन्त्रालयमा बजेट पठाउन सकियो, त्यसैले सुरुवाती चरणमा खर्चको गति कम देखिएको हो,' उनले भने ।

## वर्तमान समयमा नैतिक शिक्षाको महत्व बढ्दैः मुख्यमन्त्री बानियाँ

# 'शिक्षक नैतिकवान नहुँदा विद्यार्थीमा नैतिकता आउँदैन'




साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले वर्तमान समयमा नैतिकशिक्षाको महत्व बढ्दै गएको बताएका छन् ।

विगतमा नैतिकशिक्षा अध्यापन हुने गरेको भएपनि अहिले नैतिकशिक्षाको अध्यापन नहुँदा समाज गलत दिशामा गइरहेको उनको धारणा छ । आइतबार हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको स्वर्ण महोत्सव समारोहमा मुख्यमन्त्री बानियाँले नैतिकशिक्षालाई प्रदेश सरकारले प्राथमिकता दिने बताए । जेनजी आन्दोलनको क्रममा शिक्षकनै भाटभटेनीमा मादकपदार्थ चोर्न गएको देखिएको बताउँदै उनले शिक्षक नैतिकवान नहुँदा विद्यार्थीमा नैतिकता आउन नसक्ने जिकिर गरे ।

राजनीतिज्ञ र शिक्षकप्रति वितृष्णा बढिरहेको वर्तमान सन्दर्भमा नैतिकशिक्षाको महत्व झन बलियो बन्दै गएको उनको भनाई छ ।

जेनजी आन्दोलनप्रति लक्षित गर्दै मुख्यमन्त्री बानियाँले राजनीतिक परिवर्तनमा भ्रमको खेती हुनेहुँदा शिक्षक र अभिभावकले विद्यार्थीलाई सम्हाल्नुपर्ने बताए । मुख्यमन्त्री बानियाँले हिजोको शिक्षाप्रणालीले नयाँपुस्ताको आवश्यकता पुरा नहुने बताए ।

सिद्धार्थ मावि पञ्चायत कालदेखि जेनजी आन्दोलनसम्म भएका राजनीतिक परिवर्तनको साक्षी भएकोले अबको पुस्ताले रोजेको र खोजेको कुरा पुरा गर्ने शैक्षिकप्रणाली विकास गर्नुपर्नेमा उनको जोड छ । मुख्यमन्त्री बानियाँले बेरोजगार उत्पादन गर्ने शिक्षा प्रणालीलाई अन्त्य गर्नुपर्ने बताए । कृषिसँग जोडेर विद्यार्थीलाई गरिखाने बनाउनुपर्ने उनको धारणा छ ।

मुख्यमन्त्री बानियाँले सिद्धार्थ माविले प्राविधिक शिक्षालाई जोड दिनुपर्ने बताए । एआईले समाजमा फैलाउने भ्रमबारे नयाँपुस्ताले बुझ्नुपर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले आउँदै गरेको निर्वाचनमा एआईले भ्रम फैलाउन सक्ने भएकोले त्यसतर्फ पनि सचेत रहनुपर्ने उल्लेख गरेका छन् ।

मुख्यमन्त्री बानियाँले गणतन्त्र गरिबको व्यवस्था भएकोले पैसाको अभावमा पढ्न नपाउने स्थिति बागमती प्रदेशमा नरहेको दाबी गरे । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको अभिभावकत्वको जिम्मा प्रदेश सरकारले लिने उनले बताए । स्वर्ण महोत्सवको अवसरमा विद्यालय परिसरमा विद्यार्थीले शैक्षिक प्रदर्शनी तथा खाना महोत्सव आयोजना गरेका थिए ।

स्वर्ण महोत्सवको अवसरमा पूर्वशिक्षक, पूर्वकर्मचारी, विशिष्ट स्थानमा पुगेका पूर्वविद्यार्थीलाई सम्मान गरिएको थियो भने पूर्वविद्यार्थीले आर्थिक सहयोग गरेका छन् ।

वडाध्यक्ष तथा मूल समारोह समिति संयोजक विष्णुगोपाल महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्री कन्चनचन्द्र वादे, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, भारती पाठक, हेटौंडा उपमहानगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँलगायतको आतिथ्यता रहेको थियो । स्वर्ण महोत्सव समारोहको उद्घाटन कार्यक्रम अघि प्रभातफेरीको आयोजना गरिएको थियो ।

वि.सं. २०२७ सालमा 'सिद्धार्थ प्राइमरी बोर्डिङ स्कुल' का रुपमा स्थापना भएको यस विद्यालय वि.सं. २०३२ सालदेखि सिद्धार्थ प्राथमिक विद्यालयका रुपमा सञ्चालनमा आएको हो । वि.सं. २०६४ सालमा खुला विद्यालय अन्तर्गत कक्षा १० सञ्चालनको अनुमति पाएको विद्यालयले वि.सं. २०६५ सालमा उच्चमाध्यमिक शिक्षा परिषद्बाट कक्षा ११ र १२ सञ्चालनको स्वीकृति प्राप्त गरेको थियो । हाल विद्यालयमा कानून, व्यवस्थापन र शिक्षा समूहमा विहानी सत्रमा पठनपाठन भइरहेको छ ।

वि.सं. २०७८ सालमा बागमती प्रदेश सरकारबाट 'बिग स्कुल' का रुपमा छनोट भएको यस विद्यालयमा इमिस अभिलेखअनुसार हाल २ हजार ३ सय ७१ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयले स्वर्ण जयन्तीपछिको दशकलाई प्रविधिमैत्री शिक्षाको दशककारुपमा विकास गर्ने लक्ष्य लिएको जनाएको छ । विद्यालयमा हाल सरकारी अनुदानतर्फ ४२ र निजीश्रोतबाट ३५ जना गरी कुल ७७ जना जनशक्ति छन् ।

Affiliated to NEB
**Zenith Secondary School**
Hetauda-5, Piple (Makwanpur)

WE'RE HIRING
JOIN OUR TEAM

Zenith Secondary School, a well-established academic institution, invites applications from competent, dedicated, and experienced candidates for the following posts:

| Vacancy Opened For Post : | Qualification Required : |
|---|---|
| English Teacher (+2 Level) – 1 | MA/M.Ed. in English; Minimum 3 years' teaching experience at +2 level |
| Science Teacher (Primary Level) – 1 | BSc. or equivalent (Science); Minimum 2 years' experience at primary level |
| Hostel Warden – 1 | Bachelor's Degree preferred; Experience in hostel management or student supervision |

**General Requirements:**
- Good command of Nepali and English
- Strong communication and teamwork skills
- Commitment to discipline and institutional values

**Application Procedure:**
Eligible candidates are requested to submit a CV, application letter, copies of academic certificates, citizenship, one passport-size photo, and experience letters (if any) to the school office within 3 days from the date of publication. Only shortlisted candidates will be called for further selection. The school reserves the right to accept or reject any application without prior notice.

**Send your CV, Certificates, Photos, & Covering letters to :**
info@hetaudacitycollege.edu.np
**Contact :** 9855077417 | 9855069444

SUZUKI
SAVE UPTO 70% OFF
ON MAINTENANCE COST
PREMIUM PACKAGE
ONE TIME COST
TIMELY SERVICING
AMC
साथ एक दशककाे, सहयात्रा विश्वासकाे
PICK & DROP
SPECIAL DISCOUNTS
15% DISCOUNT* IN PARTS
30% DISCOUNT IN* LABOR FOR ENGINE REPAIR

दशकौं Suzuki प्रती देखाउनुभएको विश्वास र साथका लागि हामी हार्दिक आभार प्रकट गर्दछौं। तपाईंहरूको निरन्तर विश्वास र भरोसाले हामीलाई हरेक यात्रामा उत्कृष्ट सेवा र सुविधा प्रदान गर्न प्रेरित गर्दै आएको छ।
हामी विश्वस्त छौं यो सहयात्रा अझ सुदृढ हुँदै आगामी दिनहरूमा सुमधुर सम्बन्धमा परिणत हुनेछ।
यही अमूल्य साथलाई सम्मान गर्दै, Suzuki ले तपाईंहरूका लागि विशेष Offer ल्याएको छ। अब, तपाईंहरूको अमूल्य Suzuki गाडीको AMC खरिदमा पाउनुहोस् थप सुविधा र फाइदाहरू।
Terms & Condition Applies*

CG motocorp
Authorized Service Point in Hetauda
**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा-२, चौकीटोल, ०५७-५२०३३३, ९८२४२२०९६४, ९८०२५६८९७०

साझाकुरा

## हाम्रो कुरा

# काठमाडौं-हेटौंडा सेतु

संघीय राजधानी र प्रादेशिक राजधानीबीचको सेतुको रुपमा रहेको सडक निर्माणमा दुबै तहका सरकारले चासो देखाएका छन् । सत्तामा रहने व्यक्तिलाई नियमित ओहोरदोहोर गर्न कठिनाइ भएपछि सडकमा चासो दिइएको हो भन्ने आरोप लगाउनेहरु पनि छन् । सर्वसाधारण जनताका लागि भए यसरी चासो दिइन्नथ्यो भन्नेहरु पनि छन् । तर, पछिल्ला वर्षमा हेटौंडा-काठमाडौं जोड्ने सडक धमाधम स्तरोन्नति भएका छन् । भारी सवारीसाधनका लागि कान्तिराजपथ प्रमुख मार्ग बन्ने सम्भावना देखिएको छ । कान्तिराजपथ हाल सञ्चालनमा रहेका सडकमध्ये भारी सवारी साधन पनि यात्रा गर्ने र काठमाडौं-तराई जोड्ने सबैभन्दा छोटो दूरीको मार्ग हो । यस मार्गको ट्रयाक वि.सं. २०१३ सालमा राजा महेन्द्रले नेपाली सेनाको सहयोगमा खोल्न सुरु गरेका थिए । २०१६ सालमा ट्रयाक पूर्ण भएपछि राजा महेन्द्रले आफैंले जीप हाँकेर काठमाडौंबाट हेटौंडा आएका थिए । ५ दशकसम्म प्राथमिकतामा नरहेको यो मार्गलाई २०५९ सालमा कोरियाली सरकारको सहयोगमा विस्तृत परियोजना तयार गरी स्तरोन्नति थालिएको थियो । संघीय राजधानी काठमाडौं र बागमती प्रदेशको राजधानी हेटौंडा जोड्ने पाँच मुख्य सडक सञ्चालनमा छन् । ती सडकमध्ये काठमाडौं-मुग्लिन-हेटौंडा २३२ किलोमिटर, काठमाडौं-पालुङ-हेटौंडा १३६ किलोमिटर, काठमाडौं-सिस्नेरी-हेटौंडा ८५ किलोमिटर, काठमाडौं-फाखेल-हेटौंडा ८० किलोमिटर र टीकाभैरव-हेटौंडा-कान्ति राजमार्ग ९० किलोमिटर लामो छ ।

यी सडकमार्ग हुँदै हाल यात्रुले ३ देखि ८ घण्टासम्म यात्रा गर्नुपर्ने अवस्था छ । सहज आवतजावत र यात्रा समय घटाउन हाल पालुङ-हेटौंडा बाहेक अन्य चार सडक स्तरोन्नतिका क्रममा छन् । विशेषगरी कान्ति लोकपथ, काठमाडौं-फाखेल-कुलेखानी र काठमाडौं-सिस्नेरी-कुलेखानी सडकलाई तीव्रता दिइएको छ । प्रदेश सरकारले निर्माण गरिरहेका कुलेखानी-फाखेल-काठमाडौं र कुलेखानी-सिस्नेरी-काठमाडौं सडक अन्तिमचरणमा पुगेका छन् । यी दुई सडकको करिब दुईतिहाई खण्ड एउटै भएपनि फर्पिङदेखि कुलेखानीसम्मको खण्ड अलगअलग मार्ग हुँदैछ । अन्यत्र सडक एउटै खण्डमा रहेको छ । कुलेखानी-सिस्नेरी १९ दशमलव ९२ किलोमिटर सडकलाई दुई प्याकेजमा ठेक्का लगाइएको छ । काठमाडौंतर्फको ७ किलोमिटर र मकवानपुर तर्फको १२ किलोमिटर सडकको कुल लागत ४१ करोड ९१ लाख रुपैयाँ रहेको छ । मकवानपुर खण्डको काम गतवर्षै सम्पन्न भइसकेको छ । काठमाडौं खण्डको भौतिक प्रगति ९२ प्रतिशत पुगेको छ । सल्लेनीडाँडा, माइतीखोलालगायत स्थानमा करिब १ किलोमिटर मात्रै कालोपत्रे बाँकी छ । कालोपत्रे सकिएका स्थानमा रङरोगन र अन्य सुसज्जित काम जारी छन् । कुलेखानी-सिस्नेरी-काठमाडौं सडक दुई खण्डमा ठेक्का लगाइ स्तरोन्नति भइरहेको छ । मकवानपुर खण्डको काम गत वर्षै सम्पन्न भइसक्यो । काठमाडौं खण्डको अन्तिमचरणमा पुगेको छ । माघ मसान्तसम्म सक्ने लक्ष छ । प्रदेश सरकारअन्तर्गत स्तरोन्नति गरिँदै आएको कुलेखानी-फाखेल-काठमाडौं सडकको अन्तिमचरणमा पुगेको छ । कलंकी-फाखेल-हुमाने १२ किलोमिटर सडकको भौतिक प्रगति ९९ प्रतिशत पुगेको छ । निर्माणको सबै काम सकिसक्यो र थोरै स्थानमा मात्र रङरोगन बाँकी छ ।

यो सडकको लागत ३५ करोड ४८ लाख ८८ हजार ९१६ रुपैयाँ रहेको छ । ८ मिटर चौडाइको सडकमा ८ किलोमिटर खण्डमा कालोपत्र र ४ किलोमिटरमा ढलान गरिएको छ । महालक्ष्मी खोलामा १५ मिटर लामो आर्क ब्रिज निर्माणको काम ८० प्रतिशत सकिएको छ र फागुनसम्म सम्पन्न हुने अपेक्षा गरिएको छ । सरकारले आर्थिक वर्ष २०६५/६६ देखि कान्तिलोकपथ सडक आयोजना स्थापना गरी स्तरोन्नति सुरु गरेको हो । आर्थिक वर्ष २०७२/७३ पछि मात्र यस सडकको स्तरोन्नति तीव्रता पाएर अघि बढेको छ । हाल दुई लेनको कान्ति लोकपथमा करिब २ किलोमिटर सडक अझै एक लेनको अवस्थामा छ । केन्द्र सरकारले १ अर्ब ६० करोड लगानीमा चार प्याकेजमा ठेक्का लगाएर सडक सुधार, मोड सुधार, कालोपत्र, पहिरो नियन्त्रण र पुल निर्माणकार्य तीव्रगतिमा गर्दैछ । बगुवा-हेटौंडा बुद्धचोकसम्मको ५० किलोमिटर खण्डमा पनि सडक स्तरोन्नति र फराकिलो बनाउन ठेक्का भइसकेको छ । टार्खुचे-ठिंगन खण्ड ६ किलोमिटरको सडक फराकिलो बनाउन १८ करोड रुपैयाँको ठेक्का भएको छ । सडक स्तरोन्नति र निर्माणको तीव्रतासँगै काठमाडौं-हेटौंडा आवतजावत सहज, सुरक्षित र छोटो समयमै सम्पन्न हुने अपेक्षा गरिएको छ । कान्ति राजमार्ग प्रमुखमार्ग बन्दै गएको यस परियोजनाले प्रदेश र संघीय राजधानी बीचको सम्बन्ध थप मजबुत बनाउने र यातायात व्यवस्थापनमा उल्लेखनीय सुधार ल्याउने विश्वास गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ ६ गते मंगलबार २० जनवरी २०२६ । द्वितीया, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५७ सूर्यास्त ५:३३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दु:ख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# भूराजनीतिक शक्ति प्रतिस्पर्धाको चपेटामा नेपाल



✍डा. कृष्णप्रसाद ओली

भूराजनीतिमा कुनै पनि शक्तिसम्पन्न वा विपन्रुन मुलुकको परराष्ट्र नीति र त्यसको प्रभावको अध्ययन गर्ने तरिकालाई लिइन्छ । क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा भूगोल, जलवायु, जनसंख्या,प्राकृतिक स्रोत लगायतका वर्तमान र भविष्यमा हुने र भइरहेको घटनाहरू भूराजनीतिमा जोडिने गर्छन् । राजनीतिक शक्तिको चलखेल भूराजनीतिको अर्को महत्वपूर्ण पाटो हो । वर्तमान विश्वका प्राय कुनै पनि मुलुकहरू भूराजनीतिको प्रभावबाट अछुतो छैनन् । हरेक देशहरू युद्धरत वा शान्तिपूर्ण हुन सबैमा भूराजनीतिको प्रभाव छ । कतिपय महाशक्ति राष्ट्रहरूले साना देश वा आफ्ना प्रतिस्पर्धीहरूलाई शान्तिसँग बस्न दिएका छैनन् । भनेजुएलामाथि अमेरिकी हस्तक्षेप वा अन्य कुनै सार्वभौम देशमाथिको आक्रमण हुनु दुवै गलत हुन् ।

दक्षिणी र दक्षिण पूर्वी एसियाको भूराजनीति पनि ठूला शक्ति सम्पन्न राष्ट्रहरूबीच भइरहेका अस्वस्थ्य गठबन्धन र आन्तरिक कलह उत्पन्न हुन थालेका छन् । अमेरिका र चीनबीच चलिरहेको प्रतिस्पर्धाले दक्षिण पूर्वी एसिया र चीन र भारतबीचको प्रतिस्पर्धाले दक्षिण एसिया दुवै प्रभावमा छन् । विगतका केही घटनाहरूले यस क्षेत्रका राष्ट्रहरूबीच हुने सहयोग र समझदारीलाई थप बाधा पुऱ्याएको छ । जसका कारण यस क्षेत्रको भूराजनीति एकदमै संवदेनशील ठाउँमा पुगेको छ । देशको सीमाभित्र प्राप्त स्रोतले नै राष्ट्रहरूको आर्थिकदेखि छिमेकी सम्बन्धमा प्रभाव पर्छ । दक्षिण एसियालाई हेर्दा यहाँ रहेका देशका नेताहरू भूपरिदृश्यको बन्दी भएको आभास हुन्छ । उनीहरूमा आफैंले छनोट गरेर विकल्प दिने विषयहरू कम छन् । सिमा विवाद अहिले पनि सुल्झिएका छैनन् । जसका कारण ती देशका नेतृत्व अझै पनि सिमा सुरक्षाका लागि सक्रिय देखिन्छन् ।

भारत र चीन ठूलो सीमा जोडिएका छिमेकी मुलुकहरू हुन् । उनीहरूबीच ठूलो युद्ध भनेको सन् १९६२ मा भएको थियो । यसको मुख्य कारण दुवै देशको सीमामा अवस्थित भौतिक अवरोध हिमालय पर्वतमाला भएको कारणले हो । त्ससैगरी नेपालको पनि छिमेकीहरूसँग पनि १८१६ को सुगौली सन्धीपछि कुनै नराम्रो सम्बन्ध भएको छैन । हालको वर्तमान प्रविधिको विकासका कारणले हिमालयको भौतिक उपस्थितिमा पनि अवरोध हटेको जस्तो मात्र देखिन्छ तर अझै पनि भौतिक अवरोध नै युद्ध कम हुने कारक तत्वको रूपमा लिन सकिन्छ । अब चर्चा गरौं विश्व भूराजनीतिको । विश्व भूराजनीतिमा मित्रता भन्ने कुरा केही पनि देखिँदैन र छैन । यो एउटा अत्यन्तै निर्दयी प्रक्रिया र राजनीतिक व्यवसाय नै हो भन्दा फरक नपर्ला । किनभने यसमा भावना, प्रेम, सद्भाव, विचार, मुल्य र मान्यता सबै गौण हुन्छ । यसमा केवल शक्तिशाली राष्ट्र वा कमजोर राष्ट्रको आफ्नो निहित स्वार्थले मात्र काम गर्दछ । यदि त्यहाँ स्वार्थ मिल्यो भने सहयोग हुन्छ ।

जस्तै शीतयुद्धका बेला अमेरिका, पाकिस्तान र अफगानी स्वार्थ मिलेको थियो र तत्कालीन सोभियत संघविरुद्ध मोर्चाबन्दी भयो । तर सन् २००१ को सेप्टेम्बर ११ मा भएको अमेरिकी घटनापछि यो सम्बन्द्ध तल्लो विन्दुमा झऱ्यो । अफगान युद्धका समय पाकिस्तान र अफगानिस्तानबीच अदृश्य सम्झौता देखियो । हाल अफगानिस्तान र भारतबीच सम्बन्ध नजिकिएको छ। जहाँ तालिबान नेतृत्वको सरकारलाई भारतले रुचाएको देखिन्छ । अर्कोतर्फ पाकिस्तानले मन पराएको छैन । त्यसकारण भूराजनीति जहिले पनि आफ्ना राष्ट्रिय नीति र स्वार्थअनुसार चल्ने गर्दछ । भेनजुएला प्रकरण पनि यही हो । अमेरिकी स्वार्थ अनुसार त्यहाँका राष्ट्रपति निकोलस मदुरोले काम नगरेपछि रातारात अमेरिकी फौजले उनलाई देशभित्रै आफ्नो घरबाट अपरहण शैलीमा गिरफ्तार गरेर अमेरिका पुऱ्यायो ।

मदुरोले अमेरिकी तेल कम्पनीहरूलाई भेनजुएलामा स्थान दिएको भए ट्रम्पले उनको गिरफ्तारी नगर्न पनि सक्थे । युक्रेनले नाटो सदस्य लिन नखोजेको भए रुसले आक्रमण नगर्न सक्थ्यो । त्यसैले नीति निर्माण गर्ने र निर्णय गर्नेहरूले भूराजनीतिलाई भावनामा नबगिकन एकदम ठण्डा दिमागले बुद्धिमत्तापूर्वक सोच विचार अद्यावधिक गरिनुपर्दछ । नेपाल जस्तो संवेदशनील ठाउँमा रहेको मुलुकले वास्तविक धरातल बुझेर आफ्नो परराष्ट्र नीति निर्माण गरिनुपर्दछ । हामीले मुसा र हात्तीसँगै गर्ने व्यवहार फरक हुनुपर्छ । त्यो वास्तविकता हो । हामीजस्ता साना राष्ट्र र ठूला राष्ट्रहरूले पनि आफ्नो राष्ट्रिय र क्षेत्रीय अर्थतन्त्रमा वृद्धि गरी भूराजनीतिक चपेटाबाट बाँच्दै राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने कुरा अहम कुरा पर्दछ ।

त्यसका लागि राष्ट्रहरूबीच एक हद सम्मको विश्वास हुन जरूरी छ । तर वर्तमान दक्षिण एसियाको भूराजनीति हेर्ने हो भने एक अर्काबीचमा कुनै राम्रो विश्वासको वातावरण नै छैन । दक्षिण एसियाली देशहरूको सम्बन्ध सर्प, भ्यागुता र बिच्छीको जस्तो छ । यो अविश्वासका कारण हामी भूराजनीतिको चपेटामा सधैं परिरहने गरेका छौं । सार्क निष्क्रिय हुनुको कारण पनि यही हो । यो भूराजनीतिक प्रक्रियामा नेपाल पनि अछुतो देखिँदैन । नेपालको विकासमा संयुक्त राज्य अमेरिकाको सहयोग सन् १९५० को दशकदेखि रहँदै आएको छ ।

कृषि, शिक्षा, स्वास्थ्य, सडक पहुँच, खानेपानीलगायत अन्य विभिन्न क्षेत्रहरूमा अमेरिकी सहयोग प्राप्त हुँदै आएको छ । त्यसैगरी हाम्रो छिमेकी मुलुकहरू चीन र भारत दुवैको सहयोग हामीले प्रचुर मात्रामा प्राप्त गर्दै आइरहेका छौं । विगतका घटना हेर्ने हो भने अमेरिकाले सन् १९५० र ६० को दशकसम्म साम्यवादी विचारधारालाई विश्वमा बढ्न नदिने शीत युद्धको परराष्ट्र नीति अनुसार चीनको तिब्बतमा सीआईए बाट कोभर्ट एक्सन गरेको थियो । त्यस्तो कार्य नेपालको मुस्ताङ जिल्लालाई आधार शिविर बनाएर पनि गरेको थियो । सो कार्यलाई शान्तिपूर्ण तरिकाबाट हल गर्न नेपालले धेरै मिहिनेत गर्नु परेको थियो । नेपालका पहाडी जिल्लाहरूमा समेत अशान्तिको माहोल बनेको थियो । चीन एउटा उदयीमान शक्ति राष्ट्र हो जो अमेरिकाको धम्कीसँग टक्कर दिन सक्छ । अमेरिका प्रतिस्पर्धी कुनै हालतमा पनि सहन गर्न सक्दैन ।

हालैका वर्षहरूमा अमेरिकाले चीनलाई एक्ल्याउने नीति लिएको हुँदा नेपाललाई अमेरिकाले गर्दै आएको वर्तमान सहयोग पनि त्यसैको एउटा भाग हो भनी शंकाको दृष्टिले हेर्ने गरिएको देखिन्छ । उदाहरणका लागि अमेरिकी सरकारले नेपालमा विद्युत ट्रान्समिसन लाईनको विस्तार र बाटोघाटो मर्मत संम्भारका लागि ५०० मिलियन अमेरिकी डलर मिलेनियम च्यालेन्ज कर्पोरेसन मार्फत अनुदान दिएको छ । यसलाई विभिन्न राजनितिक समूह र छिमेकीहरू समेतले इन्डो प्यासिफिक रणनीति अन्तर्गत चीनलाई टक्कर दिन ल्याइएको आयोजना भन्दै आएका छन् । यसले नेपाललाई ठूलो भूराजनीतिक खेलको एउटा प्यादा भएको भनी पृष्ठपोषण गरेको भनिन्छ । यो कुराको नेपालको सन्दर्भमा भएको बहसले तत्कालीन सरकार ढल्नबाट मुस्किलले बच्यो ।

दोस्रो कुरा अमेरिकाले नेपाललाई दिने सहयोग वास्तवमा उल्लेखनीय रूपमा बढायो जसमा साझा सैन्य अभ्यास, शान्ति सुरक्षा सम्बन्धी तालिम र केही सामरिक सहयोग पर्दछन् । यसलाई पनि कतिपयले नेपाली सेनालाई अमेरिकी क्याम्पतिर लागेको भनेर बुझेको पनि बताएका छन् । यसैगरी अमेरिकाले नेपालमा विभिन्न गैरसरकारी संघ संस्थामार्फत विभिन्न विषयहरूमा जस्तै युएसएड मार्फत र अन्य विभिन्न फाउन्डेसन र सञ्चारमाध्यमहरूको प्रभावद्वारा आफ्नो सौम्य शक्तिमार्फत पश्चिमी उदार रणनीति अगाडि बढाउनुका साथै अमेरिकी समर्थन गर्ने ठूलो नागरिक समाज निर्माण गरेको भन्ने पनि छ । जनस्तरमा गैरसरकारी संस्थाहरूबाट हुने गरेका यी र यस्ता कार्यक्रमहरू हाम्रा दुवै छिमेकीहरू भारत र चीनका लागि असहज भएको कुरा बेलाबेला आउने गरेका छन् । दक्षिण एसियाको व्यापक भूराजनीतिक भाष्य अहिले अमेरिकी विदेश नीतिमा रहेको 'इन्डो प्यासिफक स्ट्राटेजी' अन्तर्गत पर्दछ । जुन चीनको बढ्दो व्यापक क्षमतालाई प्रतिरोध गर्दै खुम्च्याउने रहेको छ ।

यो रणनीतिको अर्को उद्देश्य चाहिँ भारतलाई साइजमा राखेर आफू अघि बढ्ने देखिन्छ । यसैगरी चीनको भाष्य पनि चीनका छिमेकी मुलुकहरूमा अमेरिकाले गर्ने कार्यहरू चीनको बहुआयामिक विकास र विस्तारलाई नियन्त्रित वा सीमित गर्ने रणनीति अन्तर्गत हुने भन्ने बुझिन्छ । यसको उद्देश्य पश्चिमा शक्तिहरूको यो क्षेत्रलाई अस्थिरतातिर धकेल्ने हो जहाँ चीन यो क्षेत्रमा पूर्ण स्थिरता चाहन्छ । यस्ता विषयहरूले नेपाल लामो समयदेखि विश्वको भूराजनीतिक जटिलताभित्र घुलिँदै आएको देखिन्छ । यही कुरालाई हृदयङ्गम गरी भूराजनीतिको क्रुरतालाई मध्यनजर गरेरै नेपालले अमेरिकी, भारतीय र चिनियाँ सहयोग लिने र चीन र भारत समदूरीको परराष्ट्र नीति लिँदै आएको छ । भारतसँगको सिधै स्थापित पेट्रोलियम तेल लाईन, रेल्वे लाइन, उर्जाप्रवर्धन, चीनसँगको बीआरआई सम्झौता र त्यसको विस्तारपूर्वक कार्यान्वयन र अमरिकासँगको एमसीसी कार्यक्रम र अन्य कुराहरू नेपालको भूराजनीतिक सन्तुलन उन्मुख परराष्ट्र नीति मान्नु पर्दछ । तर हालै नेपालमा उत्पन्न घटनाहरूले नेपालको कूटनीतिलाई देशको परराष्ट्र नीतिलाई विस्तारै कुन कुनामा धकेल्छ सो हेर्न बाँकी नै छ ।

### नेपालको सन्दर्भमा सन्तुलित भूराजनीति

नेपालको कूटनीति सबै ठूला शक्ति राष्ट्रहरू चीन, भारत, अमेरिका र अन्यहरूबीच समावेशिता र मित्रताको जगमा टेकेर विकशित हुँदै आएको छ । हामीले एसियालाई नियालेर हेर्ने हो भने यहाँ तीन वटा मुलुकहरू छन् । चीन, भारत र पूर्वी एसियाका आसियान मुलुकहरू जो आर्थिक रूपमा एकताबद्ध भएर अगाडि बढिरहेका छन् । यी मुलुकहरूममा बौद्ध, हिन्दु, मुस्लिम र क्रिस्चियनसहित अन्य धर्मालम्बीहरू मिलेर बसेका छन् । पछिल्लो समय थाइल्यान्ड र कोम्बोडियाबीच भएको द्वन्द्वलाई पनि धर्म र भूराजनीतिलाई लिएर हेरिएको अवस्था छ । जो साम्य हुँदैछ । भ्रष्ट्राचार निवारण र अपराधिक क्रियाकलापको नियन्त्रणका लागि भनेर शक्तिशाली देशले साना मुलुकका राष्ट्र र सरकार प्रमुखहरूमाथि गर्ने/गराउने आक्रमण र हस्तक्षेपले समस्या निम्त्याएको छ । कहिले कूशासन त कहिले भ्रष्टाचारका नाममा ठूला शक्ति राष्ट्रहरूले गर्ने भूराजनीतिक 'कू'का चपेटामा साना राष्ट्रहरू पर्ने गरेका छन् । तसर्थ साना राष्ट्रहरूका लागि आफ्नो स्वतन्त्र परराष्ट्र नीति आफैंले निर्धारण गर्न वर्तमान विश्वमा कठिन बन्दै गएको देखिन्छ । नेपालको वर्तमान भूराजनीतिक प्रभाव पार्ने अहम देशहरूमा चीन, भारत र अमेरिका सहित पश्चिमी राष्ट्रहरू नै हुन् ।

भारतको अहम् प्रयास भनेको आफ्नो प्रभाव क्षेत्रलाई कायम राख्ने वा बढाउने हो । चीनको प्रगतिको कारण र नेपाल चीनबीचको घनिष्ठता र निकटता तथा बढ्दो कनेक्टिभिटीका कारण भारत कुनै कारण नै नभई सशंकित रहिरहन्छ । खासगरी नेपाल र चीनबीच 'बीआरआई' सम्झौता भएकोमा र चीनको नेपालमा बढ्दो आर्थिक सहयोगमा पनि भारत त्यति सन्तुष्ट देखिँदैन । वर्तमान नेपाली शासकहरूले ब्रिटिस भारतकै पालादेखि नेपाली राज्य व्यवस्थामा त्यसबेलाका नेपाली शासकहरूले जुन समस्या भोगेका थिए त्यहि किसिम र त्यो भन्दा भिन्न प्रकृतिका परराष्ट्र सम्बन्धी नेपाल भारत सम्बन्धमा अरू आयामहरू थपिएका र व्यहोरिरहेका छन् ।

दोस्रो कुरा अमेरिका चीनसँगैको दीर्घकालीन रणनीतिक प्रतिस्पर्धामा संलग्न छ । नेपाल यसको आफ्नो भूगोल र अवस्थितिका कारण सो प्रतिस्पर्धाको एउटा रंगशाला बन्रुने जोखिम छ । अमेरिकाको लक्ष्य भनेको यहाँ राजनीतिक अस्थिरता ल्याउने र सोही अस्थिरताबाट चिनियाँ र भारतीय स्थायित्वलाई खल्बल्याउन प्रयास गर्ने हो भन्ने कुरा केही अध्येताहरू बताउँछन् । नेपालले 'एक चीन सिद्धान्त' लाई पूर्ण रूपमा स्वीकार गरेर सोही अनुसार कार्य गर्दै आएको छ । यसका साथै नेपाल चीनबाट अगाडी सारेको विश्वलाई जोड्ने बीआरआई सम्झौताको पक्ष राष्ट्र भएको छ भने यसले अमेरिकाबाट एमसीसी पनि लिएको छ । यसरी नै भारतसँग पनि विभिन्न सम्झौताहरू भएका छन् । नेपालजस्तो सानो राष्ट्रले ठूला शक्ति राष्ट्रहरूलाई सन्तुलित राख्ने परराष्ट्र सम्बन्धी रणनीति यहि हो। यस्तो रणनीतिले ठूला शक्ति राष्ट्रहरूबाट फाइदाका लागि सहयोग लिनुका साथै आफ्नो स्वाधीनता पनि कायम राखेको छ ।

नेपालको वास्तविक भूराजनीतिक पासो चाहिँ भारत र चीनसँग रहन्छ । यहाँ अमेरिका र पश्चिमा शक्ति भूराजनीतिको तेस्रो प्रभावकारी खेलाडीका रूपमा देखा परेका छन् । यिनको उपस्थितिले केही अन्य विकल्प त दिन्छ तर यसले हाम्रो भूराजनीतिक परिधिमा अझ जटिलता ल्याउन सक्छ । जसले गर्दा नेपाली परराष्ट्र नीतिको चीन र भारत सन्तुलन गर्ने कार्यलाई अझ पेचिलो र समस्यग्रस्त बनाउँदै लान सक्ने छ । मेरो विचारमा अमेरिकाको नेपालमा यस्तो संललग्नता महत्वपूर्ण हिसाबले वृद्धि भएको छ । यस्तो हुनुको मुख्य कारण चीनलाई समिति पार्ने उद्देश्यले अमेरिकाले अङगीकृत गरेको 'ईण्डो प्यासिफिक रणनीति' नै हो । यस्तो संलग्नताले नेपालमा केही विकल्पहरू जस्तै विकास सहयोग जस्ता कुराहरू त दिन्छ होला तर यसले विद्यमान भइरहेको महाशक्ति राष्ट्रहरूको भूराजनीतिक प्रतिस्पर्धालाई अझ तीव्र बनाउनका लागि सहयोग गर्दछ ।

त्यसरी भूराजनीतिक होडबाजी बढेको खण्डमा राजनीतिक दरार विकास हुनका साथै नेपालका लागि प्राप्त हुने विकल्पहरू एकदमै गाऱ्हो, महङ्गो र कम हुनेछन् । यसका लागि महाशक्तिहरूका सामु हाम्रा समस्याहरू संवाद मार्फत खुला राख्नुपर्दछ । नेपाल भूराजनीतिक जटिलतामा पहिलेदेखि नै रुमल्लिँदै आएको छ । नेपालको परराष्ट्र नीति आफ्ना दुवै शक्तिशाली र प्रतिस्पर्धी छिमेकीहरू र अन्यहरूसँगै सुमधुर सम्बन्ध राख्रुने हो । वर्तमान अवस्थामा यसरी सुमधुर सम्बन्ध बनाएर राख्ने परराष्ट्र नीति हाम्रा आन्तरिक शक्तिहरू विभाजित भई एकीकृत परराष्ट्र नीति अंगिकार गर्न नसेका कारण आफूभित्रका टुटफुटले उत्पादन गरेका कारण नाटकीय रूपमा आफू प्रतिबन्धित' भएजस्तो अनुभूति हुन लागेको देखिन्छ । नेपालका अगाडि विकल्पहरू भनेको राम्रो र नराम्राबीच भन्दा पनि कम खराब र सबैभन्दा खराबबीच चुनाव गर्ने रहेको छ ।

तसर्थ, नेपालको भावी परराष्ट्र नीतिको रेखा भनेको आफूलाई विकसित गर्न लाभ उठाउँदै आफू र आफ्ना पूर्खाहरूले रक्षा गरेर सुरक्षित हस्तान्तरित सार्वभौमसत्तालाई ठूला र दुई महाशक्तिहरूको आकर्षण, विकर्षण र बाह्र्य अदृश्य शक्तिमा नपरी बाँचेर अगाडी बढ्नु रहेको छ । साथै, नेपालका राजनैतिक दलहरु, नागरिक समाज, राज्यका सुरक्षा निकायहरू र अन्य संरचनाहरूले दह्रो खुट्टा टेकी नि:स्वार्थ भावले एउटा प्रजातान्त्रिक अभ्यास गर्दै अघि बढीरहेको मुलुकको रक्षा कवच बन्नुपर्दछ । न की राज्य जलेको बेला मुकदर्शक भई आगोमा घिउ थप्ने र केवल राज्यको बोझ भई बस्ने । यसरी हामी सबैमा राष्ट्रभाव जागेको खण्डमा मात्र हामीमा आउने जुनसुकै समस्या आफैंमा समाधान गर्न सक्ने क्षमता हामीसँग सञ्चित रहन्छ ।

*(साभार: अनलाइनखबर)*

# जेन्जी गतिविधि, राजनीतिक शक्ति र नयाँ दिशा

✍ कृष्णहरि भट्ट

गत भदौ २३-२४ मा भएको घटना नेपाली समाजमा युगौंदेखि चलिरहेको जनआन्दोलनका सन्दर्भमा भएका घटनाहरूको स्तरमा नै सम्झना गरिनेछ । देशमा चलिरहेको कुशासन, भ्रष्टाचार, बेथिति, सामाजिक सञ्जालमा रोकजस्ता जनजीवनका दैनन्दिन जल्दाबल्दा विषयमाथि गरिँदैं आइरहेको मनलाग्दी तन्त्रको विरूद्धमा सङ्गठित सैर्ष हुनु नै पर्दथ्यो । यो काम आफूलाई जनताको पार्टी र साथी भन्ने पार्टीहरूले गर्नुपर्ने मुख्य काम थियो । तर खास उमेर समूहको नाममा आह्वान गरिएको 'जेन्जी प्रोटेस्ट मुभमेन्ट' ले हिंसाको रूप धारण गऱ्यो । विध्वंसको शृंखला नै बन्यो । फेरि इतिहासले हत्या र विध्वंसको रचना गऱ्यो । यसले नेपालमा सबैभन्दा उत्कृष्ट भनिएको संविधानसभाबाट डेन्टिङ-पेन्टिङ गरेर पुनर्स्थापना गरिएको संविधान र संसद्वादी व्यवस्थाको अन्त्यको सम्भावना देखाएको छ ।

यो घटनापछि बनेको सरकारबाट नयाँ व्यवस्था बनाउने सम्भावना भने यसभित्र छैन । पुरानै व्यवस्थाभित्र आफ्नो स्वार्थ सिद्ध गर्नेभन्दा माथि यसको गन्तव्य देखिएन, छैन । यसकारण समाज परिवर्तनको हरेक कालखण्डहरू यसरी नै अगाडि बढ्दै आइरहेकै छन् । सामाजिक न्याय कायम गर्न सक्ने व्यवस्था स्थापना नहुन्जेल यस्ता किसिमका पीडादायी घटना दोहोरिरहन्छन् ।

**जेन्जी गतिविधि :**

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक निराशाले समाजलाई संसद्वादको अकर्मण्यतामा जसरी जकडिरहेको थियो र समाजमा केही गर्नुपर्छ र गर्न सकिन्छ भन्ने भावको विघटन उच्चस्तरमा पुगेको थियो, यस्तो बेला वैकल्पिक राजनीतिक शक्तिहरू सडक सैर्षमा देखिनुपर्दथ्यो । तर उनीहरू आफ्नो अस्तित्व रक्षाको सङ्कट टार्नभन्दा माथि उठ्न सकेनन् । यसको पराकाष्ठा पुगेपछिको अनुकूल वातावरणमा जेन्जीको गतिविधि अगाडि आएको हो । जेन्जीको प्रोटेस्ट मुभमेन्ट यो कुनै एकदिनको तयारीको उपज हैन । यो त सत्ता सञ्चालकको भ्रष्टता, जनताको परिवर्तनको आकांक्षा र शक्तिकेन्द्रहरूको चलखेलको नतिजा थियो । यसको संकेत के हो भने, अब पुरानो तरिकाबाट कुनै काम हुनेवाला छैन । काम त उही हो तर तरिकामा ठूलै बदलाव आएको छ । यसरी बदलिएको तरिकाअनुसार काम गर्न सकिएन भने प्राप्त उपलब्धिहरूको रक्षा र विकास हुनेवाला छैन । यसको लागि ठुलै तयारी गर्नुपर्ने हुन्छ, जुन काम नेपालको राजनीतिक सत्ताले गर्न सकेन । यो ऊर्जावान् र चलायमान युवाशक्तिको देश निर्माणमा सही परिचालन गर्न नसक्नुको नतिजा हो । यसले यही सन्देश दिएको छ ।

**राजनीतिक शक्ति :**

नेपालको राजनीतिक शक्तिको स्रोत भनेको नेपाली जनता हुन् । पहिले उनेपाली जनतालाई धर्मको नाममा विभाजित गरिएको थियो भने हाल आएर आधुनिक राजनीतिमा राजनीतिक दल, विचारधारा र दृष्टिकोणमा विभाजन गरिएको छ । यो सकारात्मक विषय हो । तर नयाँ देखा परेका राजनीतिक दल, विचारधारा र दृष्टिकोणहरूले पनि उही पुरानै विषय बोकेपछि भने यिनीहरूलाई आधुनिक भन्ने कि नभन्ने ? गम्भीर प्रश्न राजनीतिक क्षेत्रमा उठेको छ ।

धर्म भनेको सामाजिक न्यायका लागि थियो । सामन्तवादी युगले यसलाई आफ्नो सत्ता, शक्ति र सामर्थ्य टिकाउने औजारको रूपमा परिभाषित गरी पूर्णत: अन्धविश्वासमा पतन गराउने काम गरे । जसको प्रभावमा आजको विश्व समुदाय रहेकै छ । यो घट्दो क्रममा रहेको छ तर समाप्त भइसकेको छैन । यो समयमा यस्ता अन्धविश्वासमा आधारित शोषण र शासनका विरुद्ध आवाज उठे, सैर्षहरू भए । फलस्वरूप सामन्तले प्रजा, रैती बनाएकाहरूलाई नियन्त्रित स्वतन्त्रता दिए, जसलाई प्रजातन्त्र भनियो । केही राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अभ्यास गर्न दिइयो । यसबाट केही जागरण भयो । यो पनि पुरानासँग सम्झौता नै थियो । खास परिवर्तनलाई यसले रोकेकै थियो ।

त्यहींभित्र हुँदै गरेको पूँजीको विकास र यसको राप, ताप, प्रकाश र गतिलाई सामन्त वर्गले रोक्न सक्ने विषय थिएन । यसले आफ्नो आकार र प्रकार व्यापक विकास गर्ने भएको हुँदा यसको विकासको गतिलाई सामन्तवादको सिक्रीले बाँधिराख्न सक्ने सम्भावना रहँदैनथ्यो । अब सामन्तवादको मूल औजारको रूपमा प्रयोग हुँदै आएको धर्म र प्रजातन्त्रले पूँजीपतिहरूसँग सम्झौता गर्न पुग्यो । यहाँ दुवैको स्वार्थ मिलेको देखिन्छ । सामन्तले आफ्नो प्रभुत्व कायम राख्न पाउने र पूँजीपतिले आफ्नो नाफाको अभिवृद्धि गर्न सक्ने ठोस आधार मिलेपछि यस्तो भएको थियो ।

*क्रमश: पृष्ठ-३....*

निर्वाचन सुरक्षा रणनीतिः

# कुन प्रदेशमा कस्तो थ्रेट ?

काठमाडौं/आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि सम्पूर्ण सुरक्षा तयारी पूरा भएको छ । चुनाव हुने वा नहुने दोधारबीच सरकारको निरन्तर प्रयासपछि तोकिएकै समयमा निर्वाचन सम्पन्न हुने बाटोमा अघि बढेको छ । समानुपातिकतर्फका उम्मेदवारको टुंगो लागिसकेको छ भने प्रत्यक्षका लागि पर्सि मंगलबार मनोनयन हुँदैछ । सरकारले चुनावी सुरक्षाका लागि म्यादी प्रहरीको भर्ना खोल्नेदेखि स्रोत-साधनको जुगाड पनि धामधम गरिरहेको छ ।




निर्वाचन सुरक्षा लक्षित गर्दै गृह मन्त्रालयले सात वटै प्रदेशमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न गरेको छ । गृह मन्त्रालयका प्रवक्ता तथा सहसचिव आनन्द काफ्लेका अनुसार सबै प्रदेशमा भएका सुरक्षा गोष्ठीबाट मुख्यगरी तीन विषयहरू प्रमुख बनेर आएका थिए । जसमा स्रोत-साधन, जनशक्ति र साइबर चुनौती । अहिले यी तीन वटै मुख्य विषयको सम्बोधन भइसकेको काफ्ले बताउँछन् । 'सबै प्रदेशबाट मुख्यगरी स्रोत-साधन, जनशक्ति र साइबर विषयहरूलाई चुनौतीको रूपमा लिइएको थियो । अहिले ती सबै विषय सम्बोधन भएको अवस्था छ,' काफ्लेले संचारकर्मीसँग भने ।

गोष्ठीमा उठाइएको स्रोत-साधनका विषय अहिले सम्बोधन भइरहेका छन् । स्रोत-साधनतर्फ सवारीको हकमा नियमित बजेटतर्फबाट प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागले ३७७ वटा सवारी साधन खरिद गरेका छन् । थप बजेटतर्फ अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरिरहेको छ । सवारी, इन्धनलगायतमा नेपाल प्रहरीलाई १ अर्ब ५४ करोड ३३ लाख ९८ हजार ७५० बजेट अर्थ मन्त्रालयतले स्वीकृत गरिसकेको छ । सशस्त्र प्रहरीलाई ६५ करोड २५ लाख ३४ हजार बजेट सुनिश्चत गरिएको छ भने गुप्तचरलाई ५ करोड ६५ लाख सुनिश्चित गरिएको छ ।

यता, भारत सरकारले दिने भनेका सवारीमध्ये ६१ वटा आइतबार नेपाल आइपुग्ने बताइएको छ । 'पहिलो लटमा ६१ थान सवारी आज आइपुग्ने दूतावासले जानकारी गराएको छ । थप सवारी पनि आउने क्रममा छन्,' मन्त्रालयका एक अधिकारी भन्छन् । त्यस्तै, जनशक्ति तर्फ अहिले नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैले निर्वाचन प्रहरी धमाधम भर्ना लिँदै छन् । निर्वाचन प्रहरीका लागि नेपाल प्रहरीलाई ७ अर्ब १३ करोड २५ लाख ८९ हजार, सशस्त्र प्रहरीलाई ८० करोड ८४ लाख ५३ हजार रुपैयाँ छुट्याइएको छ । नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० र सशस्त्र प्रहरीले १५ हजार ११० निर्वाचन प्रहरी भर्ना प्रक्रिया अघि बढाइसकेका छन् ।

तेस्रो चुनौतीको रूपमा साइबरमार्फत हुने गलत प्रचार प्रसारलाई लिइएको छ । यसका लागि यूएनडीपीको सहयोगमा एआई सफ्टवेयरसमेत प्राप्त भएको छ । यसले सामाजिक सञ्जालमार्फत फैलिने भ्रामक सूचना पहिचान र नियन्त्रण गर्न सहयोग पुऱ्याउने छ । यो सफ्टवयेरलाई 'ई-मोनिटर प्लस' नाम दिइएको निर्वाचन आयोगका प्रवक्ता सुमन घिमिरे बताउँछन् । यसले मिसइन्सफरमेसन, फेक इन्फरमेसन, डिपफेकलगायत पहिचान गर्ने बताइएको छ ।

प्रवक्ता घिमिरेका अनुसार यो सफ्टवेयरले भिडियो मनिटर गर्दैन । शब्द र तस्वीर भने मनिटर गर्छ । सफ्टवेयरले दिएको संकेतका आधारमा गलत तथा भ्रामक प्रचारको पहिचान गरेर कारबाहीको दायरामा ल्याइने बताइएको छ । यो सफ्टवेयर निर्वाचन आयोगमा राखिएको छ । यो सफ्टवेयर हेर्न छुट्टै इकाइ गठन गरिएको छ । जसलाई इलेक्सन इन्फरमेसन डिसेमिनेसन सेन्टर (ईडीसी) नाम दिइएको छ । जहाँ साइबर ब्युरोका डीएसपी, नेपाली सेनाको टोलीदेखि विज्ञापन बोर्ड समेतका प्रतिनिधि रहन्छन् ।

यसका साथै सबैजसो जिल्ला प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयमा साइबरसम्बन्धी तालिमप्राप्त दक्ष जनशक्तिसमेत परिचालन गर्न लागिएको छ । उनीहरूले जिल्लामा भएका यस्ता गतिविधिको मोनिटरिङ गरेर कार बाही प्रक्रिया अघि बढाउने छ । यो सफ्टवेयर यसअघि विश्वका २० देशमा प्रयोग भइसकेको बताइएको छ । यस बाहेक जिल्लाअन्तर्गत केही फरकफरक किसिमका सुरक्षा चुनौती रहेको पनि विश्लेषण गरिएको छ । जुन विषयहरू सुरक्षा गोष्ठीमा समेत उठेका थिए ।

**मधेश प्रदेश : साम्प्रदायिकता भड्किने चिन्ता, समन्वयको अभाव**

३० पुसमा मधेश प्रदेशमा चुनाव लक्षित सुरक्षा गोष्ठी सम्पन्न भएको थियो । जहाँ गृहमन्त्री अर्यालले तोकिएकै मितिमा चुनाव हुने बताएका थिए । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले तराईका केही क्षेत्रमा देखिन खोजेको धार्मिक साम्प्रदायिकता र जेनजी आदेलनपछि भएका भौतिक पूर्वाधारमा क्षतिका विषयलाई सुरक्षा चुनौतीको रूपमा उठाएका थिए ।

मधेशका जिल्लामा देखिएका यस्ता साम्प्रदायिकता चुनावमा चुनौतीको रूपमा देखापर्ने उनीहरूले औंल्याएका थिए । उनले भने जस्तै टिकटकमा एकअर्काको धर्म-संस्कृतिलाई लक्षित गरी अभद्र टिप्पणी गरेको विषयलाई लिएर मधेश प्रदेशमा तनाव बढेको थियो । धनुषा घटनाको असर पर्साको वीरगञ्जसम्म पुगेको थियो । जसका कारण प्रशासनले कर्फ्युसमेत लगाउनु परेको थियो । त्यसपछि मधेशका आठै वटा जिल्लामा सुरक्षा सतर्कता बढाइएको थियो ।

मधेशका गृहमन्त्री फकिर महतोले खुला सीमाका कारण चुनौती बढ्ने बताउँदै जिल्ला प्रहरी, प्रदेश प्रहरी र सशस्त्र प्रहरीबीच समन्वयको अभै खाँचो रहेको औंल्याएका थिए । महतोको भनाइले तराईका जिल्लामा एउटा सुरक्षा निकायले अर्को सुरक्षा निकायलाई विश्वास नगर्ने, असहयोग गर्ने, आरोप-प्रत्यारोप लगाउने प्रवृत्तिलाई इंगित गरेको छ । उनले भने जस्तै फरक सुरक्षा निकायबीच समन्वय अभाव हुने गरेको विभिन्न घटनाहरूले देखाउने गरेका छन् । समन्वयको कमी भएमा ठूलो दुर्घटना हुनसक्ने मधेशको सुरक्षा चुनौती छ । साथै मधेशमा मतपेटिका सुरक्षाको चुनौती पनि रहेको आकलन गरिएको छ ।

**बागमतीः साइबर चुनौती**

बागमती प्रदेशमा भने चुनावको समयमा सबैभन्दा ठूलो चुनौतीको रूपमा साइबरलाई हेरिएको छ । साइबर तथा सामाजिक सञ्जालमार्फत फैलाइने भ्रम तथा अफवाहलाई चुनौतीको रूपमा लिइएको छ । यो प्रदेशका अधिकांश ठाउँमा इन्टरनेट सुविधा पुगिसकेको र हिमाली जिल्लाहरू जस्तो प्रचार प्रसारका लागि गाउँगाउँ पुग्नुपर्ने अवस्था नरहेकाले सामाजिक सञ्जालको अत्यधिक प्रयोग हुनसक्ने बताइएको छ । जसअनुसार आफू पक्षको प्रचारप्रसार गर्दै विपक्षीलाई खुइल्याउने डिपफेकहरू प्रयोग हुनसक्ने विषयलाई मुख्य चुनौतीको रूपमा हेरिएको छ ।

२५ पुसमा बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठी ललितपुरमा सम्पन्न भएको थियो । जहाँ यो विषय बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बानियाँले समेत उठाएका थिए । 'बागमतीमा भय र त्रासको वातावरण नभए पनि कृत्रिम बौद्धिकता, इन्टरनेट लगायतको प्रयोगबाट हुनसक्ने भ्रामक प्रचार बाट सचेत हुन आवश्यक छ,' बानियाँले भनेका थिए ।

**कोशी : नयाँ-पुरानाबीच द्वन्द्वको डर**

कोशीमा नयाँ र पुराना दलबीच द्वन्द्व हुनसक्ने चुनौती आकलन गरिएको छ । धरानका मेयर हर्क साम्पाङले श्रम संस्कृति पार्टी खोलेका छन् । उनी मेयरबाट राजीनामा दिएर चुनाव उठ्दैछन् । पूर्वी क्षेत्रमा साम्पाङको पार्टीको प्रभाव राम्रो मानिन्छ । अर्को नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रभाव पनि क्रमिक रूपमा बढ्दै गएको देखिन्छ । यही सन्दर्भमा काठमाडौं महानरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) निर्वाचनमा प्रतिस्पर्धा गर्ने उद्देश्यले आइतबार मात्रै राजीनामा दिएर रास्वपाको कार्यालय घण्टीघर प्रवेश गरेका छन् ।

उनी झापा-५ बाट उम्मेदवारी दिने तयारीमा छन् । यही क्षेत्रबाट एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले उम्मेदवारी दिँदैछन् । यी हेभिवेटका कारण र नयाँ-पुरानाबीच मुठभेड हुने चिन्ता कोशी प्रदेशमा छ । शनिबार मात्रै झापा पुगेर एमालेको नेसनल भोलिन्टयर फोर्सले झापा जिल्ला कमिटी घोषणा गरेको छ । यसको मुख्य उद्देश्य भनेकै आगामी चुनावमा प्रभाव जमाउनु रहेको सुरक्षा अधिकारीहरूको विश्लेषण छ । एक सुरक्षा अधिकारी भन्छन्, 'बालेन शाहले समेत झापामा उम्मेदवारी दिएकोले अवस्था सोचेभन्दा पनि बढी जटिल बन्न सक्छ । नयाँ-पुरानबीच द्वन्द्वको डर छ ।'

कोशी प्रदेशस्तरीय सुरक्षा गोष्ठी १६ पुसमा विराटनगरमा सम्पन्न भएको थियो । त्यतिबेला बालेन शाह झापाबाट चुनाव उठ्ने खासै चर्चा र तयारी थिएन । जसका कारण त्यतिबेला सोचेभन्दा अहिलेको सुरक्षा चुनौती फरक बनेको ती अधिकारी सुनाउँछन् । यता, सुरक्षा गोष्ठीलाई सम्बोधन गर्दै गृहमन्त्री अर्यालले त्यतिबेला विराटनगरमा भनेका थिए, 'सुशासन कायम गर्दै शान्ति सुरक्षाको प्रत्याभूतिसहित स्वच्छ, निष्पक्ष र धाँधलीरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सरकार लागेको छ ।'

**कर्णाली प्रदेश : मतपेटिका सुरक्षाको चुनौती**

भौगोलिक विकटताका कारण कार्णाली प्रदेशमा मतपेटिका सुरक्षाका चुनौती रहेको आकलन सुरक्षा निकायले गरेको छ । यो विषय ९ पुसमा सुर्खेतको वीरेन्द्रनगरमा भएको सुरक्षा गोष्ठीमा पनि उठेको थियो । यो प्रदेश भौगोलिक रूपमा विकट रहेका कारण सुरक्षित रूपमा मतपेटिका गन्तव्यसम्म पुऱ्याउनु मुख्य चुनौती रहेको छ । कतिपय ठाउँमा सडक सञ्जाल नपुगेकाले ढुवानीमा समस्या हुने बताइएको छ ।

'कर्णाली प्रदेश भौगोलिक रूपमा विकट, संवेदनशील र रणनीतिक महत्व बोकेको क्षेत्र भएकाले कर्णाली प्रदेशको सुरक्षा चुनौती विश्लेषण गर्ने, त्यसका लागि आवश्यक रणनीति तय गरिने छ,' गोष्ठीलाई सम्बोधन गर्दै गृहमन्त्री अर्यालले भनेका थिए ।

**गण्डकीः साइबर र विसोको चिन्ता**

बागमतीमा जस्तै गण्डकी प्रदेशका जिल्लाहरूमा पनि साइबर मार्फत फेक सामग्रीको प्रचारप्रसार बढी हुनसक्ने आशंका गरिएको छ । यो प्रदेशमा साइबर पहुँच पनि राम्रो भएकोले यसको दुरुपयोग निर्वाचनको समयमा हुनसक्ने बताइएको छ । २९ मंसिरको गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा भने फरार कैदीबन्दी, लटिएका हतियारहरू चुनौती रहेको विषय उठाइएको थियो । हतियार र कैदीबन्दी सबै ठाउँका लागि उत्तिकै सुरक्षा चुनौती मानिएको छ । त्यस्तै गण्डकी प्रदेशका केही भूभाग उच्च हिमाली भेगमा परेकाले जाडोका कारण समयमै चुनाव हुनेमा शंका गरिएको छ ।

**सुदूरपश्चिम : भौगोलिक विकटता, फरार कैदीबन्दीको चिन्ता**

सुदूरपश्चिमका जिल्लाहरूमा भौगोलिक विकटता र फरार कैन्दीबन्दीलाई सुरक्षा चुनौतीका रूपमा लिइएको छ । सुदरपश्चिमका विशेषगरी तराई केन्द्रित जिल्लाहरूमा फरार कैदीबन्दीका कारण सुरक्षा चुनौती हुनसक्ने आकलन गरिएको छ । १६ मंसिरमा कैलालीको धनगढीमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न भएको थियो । सो क्रममा पनि कैदीबन्दीलाई मुख्य चिन्ताको रूपमा लिइएको थियो । पछिल्लो समय कैलाली क्षेत्रमा लागुऔषध प्रयोगकर्ता अध्यधिक बढ्दै गएको र विभिन्न आपराधिक समूहको नाममा सक्रिय हुने गरेका घटना सार्वजनिक हुँदै आएका छन् ।

यही अवस्था तराईसँग सीमा जोडिएका जिल्लाहरूबाट समेत जेनजी आन्दोलनको क्रममा कैदीबन्दीहरू फरार भएका र सीमा पार भएका कैदीबन्दी चुनावको समयमा चुनौती बन्नसक्ने आकलन गरिएको छ । अर्को चुनौतीको रूपमा भौगोलिक विकटतालाई पनि लिइएको छ । दुर्गम ठाउँका कारण मतपेटिका ढुवानीदेखि सुरक्षामा चुनौती थपिन सक्ने आकलन सुरक्षा निकायको छ ।

**लुम्बिनी : झडपको डर**

लुम्बिनीमा निर्वाचनको क्रममा झडप हुनसक्ने विषयलाई मुख्य चुनौतीको रूपमा लिइएको छ । यो प्रदेशमा अन्तरपार्टी द्वन्द्व भएर झडप हुनसक्ने अवस्थालाई चुनौतीको रूपमा लिइएको छ । ९ मंसिरमा भैरहवाबाट प्रदेशस्तरीय सुरक्षा गोष्ठीको सुरुवात भएको थियो । गौतम बुद्धको जन्मस्थल भएकाले पनि सांकेतिक रूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न होस् भन्ने उद्देश्यसहित गृहमन्त्री अर्यालले यही प्रदेशबाट सुरक्षा गोष्ठीको सुरुवात गरेका थिए ।

लामो प्रयासबाट सुरक्षा अवस्था सामान्य बन्दै गएको बताउँदै मन्त्री अर्यालले त्यतिबेला भनेका थिए, 'भयरहित, निष्पक्ष र शान्तिपूर्ण चुनावको तयारीका लागि सरकारले चालेका कदममध्ये यो सुरक्षा गोष्ठी पनि एक हो । हामीले यस सुरक्षा गोष्ठीमा लुम्बिनी प्रदेशको सुरक्षा चुनौती संश्लेषण गर्ने, त्यसका लागि आवश्यक रणनीति तय गर्ने र निर्वाचनका लागि आवश्यक तयारी गर्ने छौं ।'

अहिले प्रदेशका सबैजसो जिल्लाहरूमा आआफ्नो सुरक्षा चुनौती विश्लेषण गरिरहेका छन् । जसअन्तर्गत दलहरूबीच हुनसक्ने झडपलाई पनि एउटा चुनौती मानिएको लुम्बिनीका एक सुरक्षा अधिकारी बताउँछन् । 'नयाँ दलको प्रभाव राम्रै देखिन्छ । पुराना दल पनि आफ्नो प्रभाव कायम राख्न खोज्ने नै भए । यस्तो हुँदा दलहरूबीच झडप हुनसक्ने विश्लेषण हामीले गरेका छौं,' ती अधिकारी भन्छन् । यसबाहेक सबैजसो जिल्लामा फरार कैदीबन्दी र लुटिएका हतियार लाई पनि सुरक्षा चुनौतीको रूपमा लिइएको छ ।

*(स्रोतः अनलाइनखबर)*

# विद्यार्थीलाई सहयोग गर्न रोट्र्याक्ट मकवानपुरको चिया संगीत



साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ रोट्र्याक्ट क्लव अफ मकवानपुरले विद्यार्थीलाई न्यानो कपडा सहयोग गर्ने उद्देश्यका साथ चिया संगीत कार्यक्रमको आयोजना गरेको छ ।

युवाको संस्था रोट्र्याक्टले शुक्रबार हेटौंडास्थित चियालयमा चिया संगीत कार्यक्रमको आयोजना गरेको हो । 'चियासँग गीत, चिया संगीत' भन्ने नाराका साथ कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा रोट्र्याक्ट क्लव अफ मकवानपुरका सदस्य समेत रहेका गायक जोन सेन्चुरीले सांगीतिक प्रस्तुती दिएका थिए । उनले पछिल्लो समय आधुनिक पुस्तामाझ चर्चित करिब एक दर्जन गीत प्रस्तुत गरेका थिए । रोट्र्याक्ट क्लव अफ मकवानपुरका अध्यक्ष अमितकुमार क्षेत्रीले कार्यक्रमबाट संकलन भएको रकमले विद्यार्थीलाई न्यानो कपडा वितरण गरिने बताए ।

उनकाअनुसार कार्यक्रममा राखिएको सहयोग बक्समा ९ हजार रुपैयाँ संकलन भएको छ । 'हामीले शिक्षा, स्वास्थ्य, वातावरणसहित युवाको विविधक्षेत्रमा काम गरिरहेका छौं', अध्यक्ष क्षेत्रीले भने, 'यो कार्यक्रमबाट संकलन भएको रकम विद्यार्थीको न्यानो कपडाका लागि सदुपयोग गर्नेछौं ।' रोट्र्याक्ट क्लव अफ मकवानपुरका सचिव जमुना थापाले कार्यक्रमका लागि सबैको सहयोग प्राप्त भएकोमा खुशी व्यक्त गरिन् ।

कार्यक्रममा रोटरी क्लव अफ मकवानपुरका संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापति, पूर्वअध्यक्षहरु विजयलाल श्रेष्ठ, कृष्णबहादुर कार्की, कविन सांगामी, रामेश्वर श्रेष्ठ, रोट्र्याक्ट क्लव अफ मकवानपुरका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, पूर्वअध्यक्ष प्रदीपकुमार राई, राजन कटुवाल, निवर्तमान अध्यक्ष सृजना लामिछानेलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा जोन सेन्चुरीसहित अन्य व्यक्तिले गीत र कविता सुनाएका थिए ।

# तनाव व्यवस्थापनका लागि सकारात्मक सोच विषयक अनुशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/'तनाव व्यवस्थापनका लागि सकारात्मक सोच' विषयक अनुशिक्षण कार्यक्रम हेटौंडामा सम्पन्न भएको छ ।



मदन भण्डारी फाउन्डेसन जिल्ला शाखा मकवानपुरको आयोजनामा हेटौंडा-१०, स्थित टोनी हेगन पार्कमा कार्यक्रम भएको हो । कार्यक्रममा सहभागीलाई मानसिक स्वास्थ्य, दैनिक जीवनमा देखिने तनावका कारण तथा त्यसलाई सकारात्मक सोचमार्फत कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । कार्यक्रमलाई सहजीकरण गर्दै विजयराज सिग्देल र रामजी अधिकारीले सकारात्मक सोचको महत्व, आत्मप्रेरणा, भावनात्मक सन्तुलन तथा तनाव न्यूनीकरणका उपायबारे स्पष्ट पारेका थिए । उनीहरुले सरल उदाहरण र अन्तरक्रियात्मक प्रस्तुतीमार्फत सहभागीलाई सक्रिय बनाउँदै तनावमुक्त जीवनशैली अपनाउन प्रेरित गरे ।

कार्यक्रमका प्रमुखअतिथि बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले वर्तमान समयमा मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्नु आवश्यक रहेको उल्लेख गर्दै यस्ता अनुशिक्षण कार्यक्रमले समाजमा सकारात्मक सोच र सुदृढ मानसिकता विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले फाउन्डेसनको निरन्तर सामाजिक-वैचारिक अभियानको प्रशंसा गरे । फाउन्डेसनका जिल्ला अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको कायर्क्रममा जिल्लाका विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता थियो । कार्यक्रमले सहभागीमा सकारात्मक ऊर्जा थपेको र व्यवहारिक जीवनमा उपयोगी सन्देश दिएको प्रतिक्रिया दिएका छन ।

# बाख्रा दिवसमा मन्त्रीले बाख्रालाई माला लगाए

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ पाँचौ राष्ट्रिय वाखा दिवसको अवसरमा आइतबार हेटौंडामा बाख्रालाई माला लगाएर दाना खान दिइएको छ ।



हेटौंडा उपमहानगर पालिका-३ सिमलथली एग्रो प्रा.लिमा आयोजित कार्यक्रमका प्रमुखअतिथि एवम् बागमती प्रदेशका कृषि तथा पशुपन्क्षी विकास मन्त्री मधुसुदन पौडेलले एग्रो प्रालिका बाख्रालाई सयपत्री फूलको माला लगाएर कार्यक्रमको उदघाटन गरेका हुन् । खोरमा रहेका बाख्रालाई मन्त्री पौडेललगायत कार्यक्रमका सहभागीले दानाखान दिएका थिए । एग्रो प्रालिमा साना ठुला गरेर उन्नत जातका ९ सय भन्दावढी वाख्रा रहेका छन् ।

बाख्रा दिवसको अवसरमा मन्त्री पौडेलले बाख्रापालन क्षेत्रमा रहेका समस्यालाई समाधान गर्न प्रदेश सरकार प्रयत्नशील रहेको बताए । व्यावसायिक बाख्रापालन नेपालीको शान, मासुमा आत्मनिर्भर हाम्रो अभियान भन्ने मुलनारा रहेको पाचौ राष्ट्रिय बाख्रा दिवसका अधिकांश सहभागीले चिकित्सकले रातो मासु खान हुँदैन भनेर सल्लाह दिने गरेकाले उत्पादित खसी वोका विक्री गर्न समष्या परेको गुनासो गरेका थिए ।

नेपाल व्यावसायिक वाख्रापालन महासंघका केन्द्रीय अध्यक्ष गोविन्द सुवेदीको अध्यक्षतामा संचालित कार्यक्रममा मन्त्रालयका सचिव वैकुण्ठ अधिकारीलगायतले बोलेका थिए । मकवानपुरमा ४२ वटा बाख्रा फार्म रहेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जेन्जी गतिविधि, राजनीतिक...

जुन-जुन देशले सामन्तवाद सँगको सम्बन्ध पूर्णरूपमा निषेध गरे ती देशहरूमा तुलनात्मकरूपमा पूँजीवादको विकास भएको छ र साम्राज्यवादमा विसर्जन भएको छ । कुनै-कुनै देशमा जनहितकारी जनवादी व्यवस्था कायम भए ।

ती देशहरूमा सामाजिक न्यायमा आधारित सामाजिक सम्बन्धहरूको निर्माण भइरहेका छन् । जुन-जुन देशमा सामन्तवाद र दलालतन्त्रलाई निषेध गर्न सकिएको वा भएको छैन, ती देशहरूले नेपालजस्तै नियति व्यहोरिरहनुपरेको छ ।

यस्तो नियति बदल्न नेपालका यी सम्झौतावादी राजनीतिक शक्तिहरू- सामन्तवादको अवशेष राप्रपालगायत प्रजातन्त्रको नेता नेपाली काङ्ग्रेस, लोकतन्त्रको नेता बनेका कम्युनिस्टहरू उदार लोकतन्त्रवादीहरू हुन् । अरू त हुने नै भए । अर्थात् यिनीहरू नव उदार वादका प्यादाहरू भए । उदारवाद अर्थात् सम्झौतावाद । जसले जनताको सामाजिक न्याय सहितको शासन व्यवस्थाको स्थापना गर्छ, त्यसविरुद्धको दृष्टिकोण हो उदारवाद, नव उदारवाद । नेपालमा यही नव उदारवादी नीति कार्यान्वयन भइरहेकाले गर्दा नेपालको प्रगति हुन नसकेको हो ।

फलतः नेपाली समाजमा आजसम्म भएका वा हुने गरेका सैर्षले राजनीतिक सम्बन्धहरू मात्र बदल्न सक्यो । तर न उत्पादन सम्बन्ध बदल्न सक्यो, न उत्पादक शक्ति बदल्न सक्यो, न उत्पादनका साधनहरू बदल्न सक्यो । जसका कारण युगौंदेखिका यसभित्र रहेका समस्याहरू समाधानतिर भन्दा थप समस्याहरू खडा गर्नेतिर रहेको देखिन्छ । विश्वस्तरमा र नेपाली जनताको पहलमा भएका परिवर्तनले भने यो बदलिएका सम्बन्धहरूको सम्बन्धमा आफूलाई बदलेको देखिन्छ ।

आफू बदलिसकेपछि समाज प्रणाली नबदलिएपछि यो असफल भइसकेको व्यवस्थालाई बोकिरहनु गलत हुन्थ्यो । यो भनेको उत्पादनका साधनमा बदलाव आएको हो । उत्पादनका साधनमा बदलाव आएपछि उत्पादक शक्तिमा पनि बदलाव आउने हुन्छ । अथवा उत्पादक शक्तिमा बदलाव आएपछि उत्पादनका साधनमा पनि बदलाव हुने निश्चित हुन्छ ।

हाम्रो देशमा ठूलो स्तरमा राजनीतिक परिवर्तन भएको देखियो तर यसले आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनलाई सुनिश्चित गर्न सकेन । र, यस्तो खाले संसद्वादी व्यवस्थाबाट सम्भव हुने विषय पनि थिएन । यहींभित्र अलमलिएको सामाजिक न्याय कायम गर्न सक्ने कम्युनिस्ट विचारधारा वा दृष्टिकोण साँचो भन्ने हो भने विकासै हुन सकेन । बरू अस्तित्व रक्षाको सङ्कटबाट पीडादायी यात्रा सकी नसकी हिँडिरहेको छ ।

यी सबै शक्तिहरु यथास्थितिवादी शक्ति हुन् । सरकार, अपदस्थ व्यवस्था र यसका विरुद्ध रहेका शक्तिहरुको तत्काल राजनीतिक सम्मेलन गरेर केही प्रगतिशील प्रयत्न गरेको भए बगेको रगत र जलेका सम्पदाहरुको केही मात्रामा भए पनि कदर हुने थियो । फेरि सङ्कटको मुख्य कारक संसद् र उही महँगो अनि भ्रष्ट निर्वाचन ? यथास्थितिको निर्वाचन कुनै पनि मूल्यमा राष्ट्रिय सङ्कटको निकास हुन सक्दैन र होइन ।

*(साभारः न्यूज अफ नेपाल)*

### बागमतीका ३३ मध्ये २७ क्षेत्रमा एमालेले टुंग्यायो उम्मेदवार

# एमालेबाट मकवानपुर-१ मा राना र २ मा बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/नेकपा एमालेले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मकवानपुरका दुवै निर्वाचन क्षेत्रमा उम्मेदवार टुंगो लगाएको छ ।

एमाले सचिवालय बैठकले मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ बाट केन्द्रीय सदस्य रामेश्वर राना र क्षेत्र नम्बर२ बाट निवर्तमान सांसद महेशकुमार बर्तौलालाई उम्मेदवार बनाउने निर्णय गरेको हो । मकवानपुर-२ बाट उम्मेदवार बनेका बर्तौला यसअघि २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित भएका थिए । पहिलोपटक प्रतिनिधिसभा चुनाव लडेका बर्तौलाले गठबन्धनका साझा उम्मेदवार विरोध खतिवडालाई चार हजार मतान्तरले पराजित गरेका थिए । यसपटक पनि सोही लयलाई निरन्तरता दिने लक्ष्यसहित एमालेले उनलाई पुन: उम्मेदवार बनाएको हो ।





नेकपा एमालेले बागमती प्रदेशका ३३ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये २७ स्थानका उम्मेदवार टुंग्याउँदा ६ वटा निर्वाचन क्षेत्रमा उम्मेदवारको नाम तय गर्न सकेको छैन । ती क्षेत्रका उम्मेदवार पार्टी अध्यक्ष केपी ओलीले स्वयं टुंग्याउने भन्दै हाललाई 'होल्ड' गरिएको बताइएको छ । एमालेका अनुसार काभ्रे २, काठमाडौं ४, ५, ७, ९ र ललितपुर ३ नम्बर निर्वाचन क्षेत्रका उम्मेदवारको नाम टुंगो लगाउन बाँकी छ । यी क्षेत्रलाई राजनीतिक र रणनीतिकरुपमा संवेदनशील मानिँदै आएको छ ।

काभ्रे २ बाट प्रतिनिधिसभा उम्मेदवारका लागि गोकुल बाँस्कोटाको नाम एकल सिफारिस भएर केन्द्रमा पुगेको छ । पुस २१ गते बसेको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ को क्षेत्रीय समन्वय कमिटी बैठकले बाँस्कोटालाई एकल उम्मेदवारका रुपमा सिफारिस गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार जिल्ला कमिटीले पनि उनको नाम एकल सिफारिस गरेको एमाले काभ्रेका अध्यक्ष राजन भुर्तेलले बताए । काभ्रे एमालेका प्रभावशाली नेता मानिने बाँस्कोटाले हालै सम्पन्न एमाले महाधिवेशनमा ईश्वर पोखरेल प्यानलबाट सचिव पदमा उम्मेदवारी दिएका थिए ।

तर, उनी पराजित भए । काभ्रे २ को उम्मेदवारीमा उनको नाम एकल सिफारिस भएपनि अन्तिम निर्णय अध्यक्ष ओलीले गर्ने भन्दै हाललाई होल्डमा राखिएको हो । यसैबीच काभ्रे १ बाट भने १० जनाको नाम सिफारिस भएकामा अमित लामालाई टिकट दिइएको छ । यता काठमाडौं ४ मा पनि एमालेले उम्मेदवार टुंग्याउन सकेको छैन । यो क्षेत्रबाट एमाले नेता राजन भट्टराईदेखि उषाकिरण भण्डारीसम्म १३ जनाको नाम सिफारिस गरेको थियो । जिल्ला र क्षेत्रीय कमिटीको सुझावसहित भट्टराईको नाम पहिलो प्राथमिकतामा सिफारिस गरिएको एमाले काठमाडौंका अध्यक्ष दीपक निरौलाले बताए ।

भट्टराई ०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि यही क्षेत्रबाट उम्मेदवार बनेका थिए । तर, उनी कांग्रेसका उम्मेदवार गगन थापासँग पराजित भएका थिए । थापाले २१ हजार ३०२ मत ल्याउँदा भट्टराईले १३ हजार ८५५ मत प्राप्त गरेका थिए । ०७४ सालको निर्वाचनमा पनि उनी थापासँगै प्रतिस्पर्धा गर्दै पराजित भएका थिए । तेस्रोपटक पनि भट्टराईकै नाम पहिलो नम्बरमा सिफारिस भएपनि अन्तिम निर्णय अझै भएको छैन । काठमाडौं ५ मा एमाले वरिष्ठ नेता ईश्वर पोखरेलको नाम पहिलो नम्बरमा सिफारिस गरिएको छ ।

पोखरेलसहित आठजनाको नाम सिफारिस भएपनि उनी इच्छुक नभए मात्रै अन्य आकांक्षीलाई अवसर दिने सर्तसहित नाम पठाइएको जिल्ला अध्यक्ष निरौलाले बताए । यद्यपि, पोखरेलको नाम पनि अध्यक्ष ओलीले होल्ड गरेका छन् । २०७९ को निर्वाचनमा यही क्षेत्रबाट पोखरेलले कांग्रेसका प्रकाशशरण महतलाई १० हजार भन्दा बढी मतान्तरले पराजित गर्दै जित निकालेका थिए । पोखरेलले २३ हजार २९ मत प्राप्त गर्दा महतले १३ हजार ६९ मत पाएका थिए । काठमाडौं ७ मा पनि टिकट होल्ड भएको छ ।

यस क्षेत्रबाट बागमती प्रदेशसभा सांसद प्रकाश श्रेष्ठ, र घुजी पन्तलगायत ११ जनाको नाम सिफारिस गरिएको छ । प्रदेश सांसद श्रेष्ठको नाम पहिलो नम्बरमा सिफारिस भएपनि अन्तिम निर्णय हुन सकेको छैन । ०७९ सालको निर्वाचनमा यस क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पराजुली विजयी भएका थिए । त्यतिवेला एमाले उम्मेदवार श्यामकुमार घिमिरे एक हजार ९४३ मतान्तरले पराजित भएका थिए । घिमिरेको नाम यसपटक दोस्रो नम्बरमा सिफारिस गरिएको एमाले काठमाडौं अध्यक्ष निरौलाले जानकारी दिए ।

काठमाडौं ९ मा पनि उम्मेदवार टुंगो लागेको छैन । यहाँ एमाले नेता अजयक्रान्ति शाक्य, कृष्णगोपाल श्रेष्ठदेखि बागमती प्रदेशसभा सांसद केशवप्रसाद पोखरेलसम्म सातजनाको नाम सिफारिस गरिएको छ । २०७९ को निर्वाचनमा यस क्षेत्रबाट कृष्ण गोपाल श्रेष्ठ विजयी भएका थिए । उनले रास्वपाका टेकबहादुर पोखरेललाई ९९५ मतान्तरले पराजित गरेका थिए । यद्यपि, यसपटक श्रेष्ठको नाम दोस्रो नम्बरमा सिफारिस गरिएको छ । ललितपुर ३ मा पनि एमालेले उम्मेदवार होल्ड गरेको छ ।

जिल्ला अध्यक्ष पुरुषोत्तम ढुंगाना, केन्द्रीय सदस्य डा. टीका ढकाललगायत सातजनाको नाम सिफारिस गरिएको भएपनि अन्तिम निर्णय भएको छैन । २०७९ सालको निर्वाचनमा यस क्षेत्रबाट रास्वपाकी तोसिमा कार्की विजयी भएकी थिइन् । एमालेबाट उम्मेदवार बनेका अमृत खड्काले १२ हजार ९६३ मत प्राप्त गर्दै पराजित भएका थिए । यसपटक भने खड्काको नाम सिफारिसमा परेको छैन । एमाले स्रोतका अनुसार यी ६ निर्वाचन क्षेत्रको उम्मेदवारी पार्टी अध्यक्ष ओलीले राजनीतिक समीकरण, जितको सम्भावना र समग्र रणनीतिका आधारमा अन्तिम टुंगो लगाउनेछन् ।

# मिडियाप्रतिको विश्वासनीयतामा क्षयीकरण हुँदैछ: सदस्य बिडारी



साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/प्रेस काउन्सिलका सदस्य सन्तराम बिडारीले मिडियाप्रतिको विश्वासनीयतामा क्रमश: क्षयीकरण भइरहेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको आयोजनामा आइतबार भएको पत्रकार र पत्रकारिताको समसामयिक विषयमा भएको अन्तरक्रिया कार्यक्रममा उनले यो कुरा बताएका हुन् । मिडियाप्रतिको विश्वासनीयता कसरी बढाउन सकिन्छ भन्ने चिन्ता काउन्सिलको मात्र नभई समग्र सञ्चारकर्मीको हुनुपर्ने उनको भनाई छ । सदस्य बिडारीले मिडिया हाउसले पनि मुल आचारसंहितामा असर नपर्ने गरी आफ्नो छुट्टै आचारसंहिता बनाउनु पर्ने बताए । समाजमा अहिले पत्रकारले आफ्नो परिचय नै लुकाएर हिड्नुपर्ने दु:खदायी अवस्था भएकोले त्यसतर्फ पत्रकार महासंघ, मिडिया हाउसहरु सचेत हुनुपर्नेमा उनले जोड दिए ।

सदस्य बिडारीले काउन्सिल पत्रकारको मात्र नभई नागरिकको पिरमर्का सुन्ने संस्था समेत भएको बताए । पत्रकार र नागरिकलाई परेको मर्कालाई फोकल पर्शन मार्फत् काउन्सिललाई अवगत गराउन सकिने उनले जानकारी दिए । सदस्य बिडारीले फागुन २१ गतेको निर्वाचनलाई लक्षित गर्दै काउन्सिलले समाचारको कन्टेन्टमा अनुगमन गर्ने बताए । निर्वाचन आयोगको आचार संहिता र काउन्सिलको पनि आचार संहितालाई ख्याल गरी रिर्पोटिङ गर्न उनले आग्रह गरेका छन् । सदस्य बिडारी पछिल्लो समय पत्रकार आचारसंहितालाई पनि समयानुकुल संशोधन गर्नुपर्ने आवश्यकता देखिएको बताए ।

**मिडियाका आयाम फराकिलो**

हुँदै गइरहेको उल्लेख गर्दै उनले सामाजिक सञ्जालले पत्रकारितामा चुनौती थपिँदै गएको उल्लेख गरे । सामाजिक सञ्जालमा आउने कन्टेन्टले समाजलाई सुसूचित नभई कुसूचित बनाइरहेकोले त्यसतर्फ मुलधारका मिडियाहरु जिम्मेवार ढंगले अगाडि बढ्नुपर्ने उनको धारणा थियो । अन्तरक्रिया कार्यक्रममा सहभागीले पत्रपत्रिकाको वर्गीकरणमा काउन्सिलले राजनीतिक पूर्वाग्रह राख्न नहुने बताएका थिए । लोककल्याणकारी विज्ञापनको रकम पनि बृद्धि गर्नु पर्नेमा उनीहरुको जोड थियो ।

महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा पूर्वअध्यक्ष भानुभक्त आचार्य, जिल्ला उपाध्यक्ष ध्रुव अधिकारी, महासंघका बागमती प्रदेश सदस्य सुर्वणलाल श्रेष्ठलगायतका सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

# मकवानपुरमा मनोनयन व्यवस्थित गर्न दलका लागि समय तोकियो

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ मकवानपुरमा उम्मेदवारी मनोनयनलाई ब्यबस्थित पार्न क्रियाशील राजनीतिक दललाई फागुन २१ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्न समय निर्धारण गरिएको छ ।



मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठको अध्यक्षतामा आइतबार बसेको सर्वपक्षीय बैठकले उम्मेदवारी दर्ताका लागि समय निर्धारण गरेको हो । माघ ६ गते सबैभन्दा पहिले बिहान मंगोल नेशनल अर्गनाइजेसनलाई १० देखि ११ बजेसम्म समय तोकिएको छ । त्यसपछि रास्वपालाई ११ देखि १२ र एमालेलाई १२ देखि १ बजेसम्म निर्धारण गरिएको छ । राप्रपालाई १ देखि २ बजेभित्र उम्मेदवारी दर्ता गर्न भनिएको छ । नेपाली कम्युनिष्ट पार्टीका लागि २ देखि ३ बजेसम्म समय छुट्याइएको छ । कांग्रेसलाई ३ देखि ४ र उज्यालो नेपाललाई त्यसपछि एक घण्टा समय निर्धारण गरिएको मुख्य निर्वाचन अधिकृत श्रेष्ठले बताइन् ।

स्वतन्त्र उम्मेदवारले बिहान १० देखि ५ बजेसम्म जुनसुकै समयमा पनि मनोनयन गर्न सक्ने व्यवस्था मिलाइएको छ । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बैठकमा शान्तिसुरक्षा र मतदानस्थलका बारेमा जानकारी गराएका थिए । हेटौंडा-११ थानाभञ्याङस्थित कृषि थोकबजारको भवनमा जिल्लाका दुबै निर्वाचन क्षेत्रको कार्यालय स्थापना भएको छ । बैठकले मनोनयन दर्ता गराउन आउने उम्मेदवारसहित १५ जनालाई मात्र कार्यालय परिसरमा प्रवेश गर्न पाउने व्यवस्था गरेको छ । प्रतिनिधिसभाअन्तर्गत दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा हाल १ सय ६७ मतदानस्थल र ३ सय ७४ मतदान केन्द्र तोकिएका छन् ।

निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १७८ मतदान केन्द्र रहेका छन् भने निर्वाचन क्षेत्र नम्बर २ मा १०५ मतदानस्थल र १९६ मतदान केन्द्र रहेका छन् । मतदाता विवरण अनुसार निर्वाचन क्षेत्र नम्बर १ मा १ लाख ५८ हजार ४३५ र निर्वाचन क्षेत्र नम्बर २ मा १ लाख ५६ हजार ८९९ मतदाता रहेका छन् । जिल्लाभर कुल मतदातामध्ये महिला १ लाख ५३ हजार ३७६, पुरुष १ लाख ६१ हजार ९५३ तथा अन्य ५ जना रहेका छन् ।

# जेसीआई हेटौंडा लेडीमा नम्रता पदस्थापित

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ जेसीआई हेटौंडा लेडीको अध्यक्षमा नम्रता श्रेष्ठ पदस्थापित भएकी छिन् । हेटौंडामा भएको पदस्थापन समारोहमा जेसीआई हेटौंडा लेडीको वर्ष २०२६ का लागि निर्वाचित अध्यक्ष श्रेष्ठ पदस्थापित भएकी हुन् ।

यसअघि साधारण सभाबाट श्रेष्ठको नेतृत्वमा कार्यकारिणी उपाध्यक्षमा कुशु पण्डित र दिप्ती अधिकारी, उपाध्यक्षमा समीरा परियार, सृष्टी चौलागाई, चन्द्रकला महतो र सञ्जीता घलान निर्वाचित भएका हुन् ।

पदस्थापन समारोहमा अध्यक्ष श्रेष्ठले महासचिवमा रञ्जीता पुडासैनी, कोषाध्यक्षमा सुनिता लुइटेल, कानूनी सल्लाहकारमा इन्दिरा बानियाँलाई नियुक्त गरेकी हुन् । जेसीआई हेटौंडा लेडी वर्ष २०२५ की अध्यक्ष अस्मिता न्यौपानेको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कञ्चनचन्द्र वादेको प्रमुख आतिथ्यमा पदस्थापन भएको हो ।

पदस्थापन समारोहमा नेपाल जेसीजका कार्यकारिणी उपाध्यक्ष विकेशलाल श्रेष्ठ, नेपाल जेसीजको क्षेत्र 'ख' का लागि निरुपित कार्यकारिणी उपाध्यक्ष स्वप्न पौडेल, उपाध्यक्ष दिपेश बराइली, नेपाल जेसीजका पूर्वअध्यक्ष राजेशमोहन प्रधान, जेसीआई हेटौंडा लेडीका पूर्वअध्यक्षहरु रश्मि बस्नेत र सुशीला पौडेलको आतिथ्य रहेको थियो ।


## शेयर नामसारी तथा सर्म्पक गर्नेबारे सूचना !

यस संस्थामा शेयर सदस्य रहनु भई हाल देश तथा विदेशमा रहेर उपस्थित हुन नसक्नु भएका र मृत्यु भईसक्नु भएका शेयर सदस्यहरुको समेत एकाघरमा शेयर नामसारी गर्न चाहेमा कानुनबमोजिम नजिकका नातेदारले, एकाघरका नजिकको नाता खुल्ने परिवारको नाममा शेयर नामसारी गर्न वा बिक्री गर्न चाहेमा यहि २०८२ माघ १५ गतेभित्र निवेदन दिनुहुन सूचना गरिएको छ । साथै निस्कृय शेयर बिक्री गर्न चाहेमा संस्थाले नै शेयर खरिद गरी नियमानुसार दिईने जानकारी समेत गराईन्छ । सो कार्य नगर्ने निस्कृय सदस्यहरुलाई २०८२ श्रावण देखि मासिक बचत गर्न, KYM अद्यावधिक गर्न वा संस्थाका कार्यक्रममा सहभागीका लागि सूचना गरिन्छ साथै सो समयभित्र पनि सर्म्पकमा नआएमा वा संस्थाका नियमित कार्यक्रम, बचतमा संलग्न नहुने शेयर सदस्यज्यूहरुको शेयर संस्थाले नै खरिद गरी सो रकम दायित्वमा अभिलेखन गरी सदस्यता नरहने र आवश्यक कागजात सहित आउँदा सो रकम दिईने समेत जानकारी गराइन्छ ।

डा.लिलानाथ ढुंगेल
सचिव
**श्री ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-५, मकवानपुर
सर्म्पक: ९८५५०६९२८४



## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, त्यसैले:

- सावधानीपूर्वक सवारीसाधन चलाऔं,
- सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारीसाधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,
- सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## श्री बागेश्वरी कृषि सहकारी संस्था लि.

पालुङ, मकवानपुर ।

### तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति :२०८२/१०/०५

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमा उल्लेख भए बमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने साँवा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस दिन) भित्र सम्पुर्ण ऋण रकम (साँवा, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानुनबमोजिम कर्जा असुल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पति बेचविखन गरी कर्जा रकम उपर गरी लिईनेछ । सोबाट समेत असुलउपर हुनुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानुनअनुसार तपाईं ऋणीको अन्य चलअचल सम्पति जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरी लिईनेछ । उपरोक्त कारवाहीको शिलशिलामा लाग्ने सम्पूर्ण खर्चसमेत तपाईं ऋणीबाट नै भराई लिईनेछ । तपाईं ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण बापत जमानी बसिदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोही अनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो |
|---|---|---|
| १. | **नाम:** सुमन बिष्ट<br>बाबुको नाम: जिवन बिष्ट<br>बाजेको नाम : कृष्ण बहादुर बिष्ट<br>ना .प्र .प.न. १०३७/७४४५७<br>ठेगाना : थाहा नगरपालिका-३, डाँडागाउँ, मकवनपुर |  |
| २. | **नाम:** नवराज बिष्ट<br>बाबुको नाम: सनमान बिष्ट<br>बाजेको नाम : गणेश बहादुर बिष्ट<br>ना .प्र .प.न. १२४<br>ठेगाना : थाहा नगरपालिका-३, डाँडागाउँ, मकवनपुर |  |
| ३. | **नाम:** लक्ष्मण बिष्ट<br>बाबुको नाम: गणेश बहादुर बिष्ट<br>बाजेको नाम : चर्तुर बहादुर बिष्ट<br>ना .प्र .प.न. ५२३४३६१<br>ठेगाना : थाहा नगरपालिका-३, डाँडागाउँ, मकवनपुर |  |
| ४. | **नाम:** अशोक नेपाली<br>बाबुको नाम: माईला नेपाली<br>बाजेको नाम : नकुल नेपाली<br>ना .प्र .प.न. ८३९<br>ठेगाना : थाहा नगरपालिका-३, डाँडागाउँ, मकवनपुर |  |
| ५. | **नाम:** फूलमायाँ लामा<br>ससुरा बाबुको नाम: राम बहादुर लामा<br>श्रीमानको नाम : रामकृष्ण लामा<br>ना .प्र .प.न. ४०/२७०<br>ठेगाना : थाहा नगरपालिका-३, ओखरखोला, मकवनपुर |  |
| ६. | **नाम:** कुमार नेपाली<br>बाबुको नाम: कालु नेपाली<br>बाजेको नाम : बाबुराम नेपाली<br>ना.प्र .प.न. ९/३२५<br>ठेगाना : थाहा नगरपालिका-३, शिखरकोट, मकवनपुर |  |
| ७. | **नाम:** सिता गुईदेल परियार<br>ससुरा बाबुको नाम: राम्जि गुईदेल<br>बाजेको नाम : गोफ्ले गुईदेल<br>ना .प्र .प.न. ३१-०१-७०-०१६८९<br>ठेगाना : थाहा नगरपालिका-३, डाँडागाउँ, मकवनपुर |  |


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना